आज मिति २०८२ साल असार महिनाको ०३ गते मंगलवारका दिन यस रैनादेवी छहरा गाउँपालिकाका अध्यक्ष श्री रुक्माङ्गत भट्टराईको अध्यक्षतामा देहायको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमका निर्णयहरू गरियो ।

| क्र.स. | नामथर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | श्री रुक्माङ्गत भट्टराई | अध्यक्ष | | |
| २ | श्री युवराज थापा | उपाध्यक्ष | | |
| ३ | श्री देवेन्द्र पुन | प्रवक्ता/७ नं वडा अध्यक्ष | | |
| ४ | श्री सोम बहादुर दर्लामी | १ नं वडा अध्यक्ष | | |
| ५ | श्री दान बहादुर पौडेल | २ नं वडा अध्यक्ष | | |
| ६ | श्री प्रदिप पौडेल | ३ नं वडा अध्यक्ष | | |
| ७ | श्री गोविन्द बहादुर रायमाझी | ४ नं वडा अध्यक्ष | | |
| ८ | श्री हुमान सिंह कार्की | ५ नं वडा अध्यक्ष | | |
| ९ | श्री दोम बहादुर घर्ती | ६ नं वडा अध्यक्ष | | |
| १० | श्री रेम बहादुर राना | ८ नं वडा अध्यक्ष | | |
| ११ | श्री लक्ष्मण हिताङ्ग | कार्यपालिका सदस्य | | |
| १२ | श्री महेश बराल | कार्यपालिका सदस्य | | |
| १३ | श्री सुकमाया वि.क. | कार्यपालिका सदस्य | | |
| १४ | श्री गीता राना | कार्यपालिका सदस्य | | |
| १५ | श्री लक्ष्मी कुमाल | कार्यपालिका सदस्य | लक्ष्मी | |
| १६ | श्री कविता खनाल | कार्यपालिका सदस्य | | |
| १७ | श्री कृष्ण प्रसाद ज्ञवाली | सचिव/प्र.प्र.अ. | | |

आमन्त्रित:

| | | | | |
|---|---|---|---|---|
| १ | श्री नारायण मल्ल | सू.प्र.अ. | | |
| २ | लिलामणि बस्याल | ले.अ. | | |
| ३ | प्रकाश के.सी. | इन्जि. | | |
| ४. | हरि प्रसाद पराजुली | स.ले.अ. | | |

निर्णय नं.१. प्रस्ताव नं.१ माथी विचार विमर्श गर्दा चालु आर्थिक वर्ष २०८१/८२ मा कायम रहेको जग्गाको न्यूनतम मूल्याङ्कनमा केही क्षेत्रहरुमा अत्याधिक भएको गुनासो र विवाद सिर्जना भई आएकोले जग्गाको न्यूनतम थैली मूल्याङ्कन सम्बन्धमा भू-उपयोग क्षेत्र वर्गीकरण लाई मुख्य आधार मानी प्रचलित बजार मूल्यसँग तादाम्यता कायम हुनेगरी मूल्याङ्कनलाई वैज्ञानिक र यथार्थपूरक बनाउन सम्पूर्ण जग्गा समेटिने गरी मूल्याङ्कन राय सिफारिस उपलब्ध गराउन र जिल्ला, मन्त्रालय हुँदै मन्त्रीपरिषदमा समन्वय गर्ने गरी तपसिलको समितिलाई जिम्मेवारी तोक्ने निर्णय गरियो। तपसिल :

| | |
|---|---|
| उपाध्यक्ष श्री युवराज थापा | - संयोजक |
| वडा अध्यक्ष श्री गोविन्द बहादुर रायमाझी | - सदस्य |
| वडा अध्यक्ष श्री हुमान सिंह कार्की | - सदस्य |
| वडा अध्यक्ष श्री रेम बहादुर राना | - सदस्य |
| कार्यापालिका सदस्य श्री महेश बराल | - सदस्य |
| राजस्व शाखा प्रमुख श्री हरि प्रसाद पराजुली | - सदस्य सचिव |

निर्णय नं.२. प्रस्ताव नं.२ माथी विचार विमर्श गर्दा आर्थिक वर्ष २०८२/८३ को नीति कार्यक्रम तथा बजेट तर्जुमाका सम्बन्धमा व्यापक छलफल तथा सुझाव संकलन गरियो। नीति कार्यक्रम मिति २०८२/०३/०५ गते दिउँसो ३:०० बजे र बजेट तथा कार्यक्रम २०८२/०३/०९ गते दिउँसो १:०० बजे सञ्चालन गर्ने निर्णय गरियो।

निर्णय नं.३. प्रस्ताव नं.३ माथी विचार विमर्श गर्दा देहाय बमोजिमका निर्णयहरु गरियो।

क. गाउँपालिकाले दिवा खाजा कार्यक्रम अन्तर्गत सङ्घीय सरकारको कार्यक्रममा थप गरेको प्रति विद्यार्थी रु.५ आगामी आर्थिक वर्ष देखि कटौती गर्ने निर्णय गरियो।

ख. भूमि व्यवस्था, विशेष नापी, जग्गाको न्यूनतम मूल्याङ्कन लगायत जग्गा पूर्जा, नापनक्सा सम्बन्धी कार्यका लागि आवश्यक बजेट विनियोजन गर्ने निर्णय गरियो।

ग. वास योजनाका लागि आवश्यक बजेट विनियोजन गर्ने निर्णय गरियो।

घ. ब्लड बैङ्क पाल्पालाई रक्तसञ्चार सेवा केन्द्र स्थापना तथा व्यवस्थापन र ब्लड बैङ्क बुटवललाई व्यवस्थापनको लागि प्रस्ताव बमोजिमको बजेट विनियोजन गर्ने निर्णय गरियो।

ङ. सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणका लागि आवश्यक बजेट विनियोजन गर्ने निर्णय गरियो।

च. प्रारम्भिक वातावरणीय परिक्षण (IEE) का लागि आवश्यक बजेट विनियोजन गर्ने निर्णय गरियो।

छ. कृषि उत्पादन बजारीकरण, प्राविधिक सहयोग, विउविजन वितरण लगायतका कृषि कार्यक्रमलाई आवश्यक बजेट विनियोजन गर्ने निर्णय गरियो।

ज. पालिकामा कार्यसम्पादनका लागि सवारी साधन अत्यावश्क रहेकोले एक/एक वटा बाईक र स्कुटर खरिदका लागि आवश्यक बजेट विनियोजन गर्ने निर्णय गरियो।

झ. स्वास्थ्य वीमा र विद्यार्थी दुर्घटना वीमालाई निरन्तरता दिँदै आवश्यक बजेट विनियोजन गर्ने निर्णय गरियो।

ञ. कार्यपालिकामा पेश भएको कर तथा गैर कर सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, स्थानीय तहमा वातावरण तथा प्राकृतिक स्रोत संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, रोजगार संवाद मञ्च सञ्चालन तथा व्यवस्थापन कार्यविधीलाई विधायन समितिमा छलफल गरी आगामी बैठकमा पेश गर्ने निर्णय गरियो।

ट. LISA, FRA, LED लगायतका मूल्याङ्कन क्रियाकलाप सञ्चालनका लागि आवश्यक बजेट विनियोजन गर्ने निर्णय गरियो।

ठ. दमकल सञ्चालन व्यवस्थापन र मर्मतका लागि आवश्यक बजेट विनियोजन गर्ने निर्णय गरियो।

ड. Social, Public, Management Audit का लागि आवश्यक बजेट विनियोजन गर्ने निर्णय गरियो।

ढ. SaMI कार्यक्रम सञ्चालनका लागि आवश्क बजेट विनियोजन गर्ने निर्णय गरियो।

ण. मानव सेवा आश्रम, तिलोत्तमालाई व्यवस्थापनको लागि आवश्यक बजेट विनियोजन गर्ने निर्णय गरियो।

त. अमलाबासमा रहेको सभाहल व्यवस्थापनका लागि आवश्यक बजेट विनियोजन गर्ने निर्णय गरियो।

थ. गाउँपालिकाको लागि अत्यावश्यक रहेको इन्भर्टर र पावर ब्याकअपका लागि आवश्यक बजेट विनियोजन गर्ने निर्णय गरियो।

द. MTEF निर्माणका लागि आवश्यक बजेट विनियोजन गर्ने निर्णय गरियो।